आकाशवाणी समाचार- नेपाली

मितिः ०५ नवम्बर २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

प्रमुख समाचार

- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको इन्दिरा गान्धी खेल परिसरमा एसियाई पारा खेल २०२६ मा भाग लिने भारतीय टोलीका सदस्यहरूसँग बातचीत गर्नुहुनेछ।**

- **केन्द्रीय मन्त्रीमंडलले चार वर्ष सेवा पूरा गरेर सेवाबाट बाहिर रहेका अग्निवीरहरूको सेवा अवधि थप गर्न स्वीकृति दिएको छ।**

- **केन्द्रीय मन्त्रीमंडलले विशेष फास्ट ट्र्याक अदालतहरूको केन्द्र प्रायोजित योजनालाई पाँच वर्षको अवधिका लागि जारी राख्न स्वीकृति दिएको छ।**

- **केन्द्रीय मन्त्री अश्विनी वैष्णवले, मन्त्रिमण्डलले हरित ऊर्जा मिशनको बारेमा महत्त्वपूर्ण निर्णय लिएको बताउनु भएको छ।**

- **गृहमन्त्री अमित शाहले आज अम्बाला छावनीमा शहीद स्मारकको उद्घाटन गर्नुहुनेछ ।**

प्रधानमंत्री नरेंद्र मोदी - एशियाई पैरा गेम्स

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको इन्दिरा गान्धी खेल परिसरमा एसियाई पारा खेल २०२६ मा भाग लिने भारतीय टोलीका सदस्यहरूसँग बातचीत गर्नुहुनेछ।यस अवसरमा उहाले सभालाई पनि सम्बोधन गर्नुहुनेछ l जापानको आइची-नागोयामा आयोजित एसियाली पारा खेलहरूमा भारतले आफ्नो सबैभन्दा राम्रो प्रदर्शन गरेको थियो, जसमा ९७ पारा एथलीटहरूले कुल ११४ पदक जितेका थिए। पदक तालिकामा ३० स्वर्ण, ३५ रजत र ४९ कांस्य पदक समावेश छन्।

केंद्रीय मंत्रिमंडल -अग्निवीर सेवा

केन्द्रीय मन्त्रीमंडलले चार वर्ष सेवा पूरा गरेर सेवाबाट बाहिर रहेका अग्निवीरहरूको सेवा अवधि थप गर्न स्वीकृति दिएको छ। हिज नयाँ दिल्लीमा मन्त्रीमंडलको बैठकपछि पत्रकारहरूलाई जानकारी दिँनुहुदै प्रमुख रक्षा अध्यक्ष जनरल एनएस राजा सुब्रमणिले भन्नुभयो - सेवाबाट बाहिर रहेका ७५ प्रतिशत अग्निवीरहरूलाई अब दुई वर्षको अतिरिक्त सेवाको अवसर दिइनेछ। यसपछि सशस्त्र सेनामा रहन चाहने अग्निवीरहरूलाई सेनामा समावेश गरिनेछ। उहाले भन्नुभयो - अग्निवीरहरूको पहिलो ब्याचको चार वर्षको कार्यकाल अब पुरा हुँदैछ।

1-Byte अग्निवीर

केंद्रीय मंत्रिमंडल - विशेष फास्ट ट्रैक अदालत

केन्द्रीय मन्त्रीमंडलले विशेष फास्ट ट्र्याक अदालतहरूको केन्द्र प्रायोजित योजनालाई पाँच वर्षको अवधिका लागि जारी राख्न स्वीकृति दिएको छ। यसमा पोक्सो मुद्दाहरूको सुनुवाइका लागि विशेष रूपमा बनाइएका अदालतहरू पनि समावेश छन्। यो योजना १ अप्रिल २०२६ देखि ३१ मार्च २०३१ सम्म जारी रहनेछ। यस योजनामा ३ हजार ७ सय ८८ करोड रुपियाँ

भन्दा अधिक खर्च हुनेछ। यसमा केन्द्र सरकारको हिस्सा निर्भया कोषबाट दिइनेछ। यस योजना अन्तर्गत विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूमा ८५० फास्ट ट्र्याक विशेष अदालतहरू सञ्चालन गर्ने प्रावधान छ।

2- Byte-अश्विनी वैष्णव- फास्ट ट्र्याक

केन्द्रीय मंत्री अश्विनी वैष्णव - मंत्रिमंडल -महत्वपूर्ण निर्णय

केन्द्रीय मन्त्री अश्विनी वैष्णवले, मन्त्रिमण्डलले हरित ऊर्जा मिशनको बारेमा महत्त्वपूर्ण निर्णय लिएको बताउनु भएको छ। श्री वैष्णवले मन्त्रिमण्डलको निर्णयहरूको बारेमा जानकारी दिनुहुदै , स्वच्छ ऊर्जा कार्यक्रम अन्तर्गत 92 गीगावाट ऊर्जा भण्डारण योजना स्वीकृत गरिएको बताउनु भएको छ। यसले सौर्य ऊर्जाको भण्डारणमा सहयोग पुर्याउनेछ। उहाँले भन्नुभयो, बैठकको फोकस ऊर्जा आपूर्तिलाई अझ स्थिर बनाउनमा जोड़ दिइएको छ ।

3-Byte-अश्विनी वैष्णव - हरित ऊर्जा

मंत्रिमंडल -योजना स्वीकृति

मंत्रिमंडलले बर्ष २०२६–२७ देखि बर्ष २०३०–३१ का लागि सांख्यिकी परिवर्तन, विश्लेषण र अनुंसधानमा विकसित भारत पहल-विस्तार योजना लाई स्वीकृति दिएको छ । यो योजनाको परिब्यय ४ हजार ,३ सय ७१ करोड रुपियाँ राखिएको छ । यो योजना गतिशील, त्वरित र भविष्यका लागि तयार आधिकारिक सांख्यिकीय संरचना निर्माण गर्न तयार गरिएको छ । यसले तत्काल नीतिगत आवश्यकताहरूमा आधारित स्रोतहरू आवंटित गर्न, ठूलो मात्रामा सर्वेक्षण कार्यान्वयन, अनुसन्धान, डिजिटल रूपान्तरण र राष्ट्रिय डाटा प्रबन्धनको समग्र दृष्टिकोणलाई सुदृढ पार्न रणनीतिक लचिलोपन प्रदान गर्नेछ । विस्तार योजनाले कार्यक्रम कार्यान्वयनको सांख्यिकी र डाटा प्रबन्धनसँग सम्बन्धित सबै गतिविधिहरू समेट्नेछ । मन्त्रीमंडलले महत्वपूर्ण खनिज प्रसस्करण लाई बढावा दिन क्यापेक्स अर्थात पुँजीगत व्यय समर्थन योजनालाई पनि स्वीकृति दिएको छ।

गृहमंत्री अमित शाह - अंबाला छावनी -उद्घाटन

गृहमन्त्री अमित शाहले आज अम्बाला छावनीमा शहीद स्मारकको उद्घाटन गर्नुहुनेछ । यो स्मारक १८५७ को स्वतन्त्रता संग्रामका बहादुर शहीदहरूको सम्झनामा बनाइएको हो।

रक्षा मंत्री -राजनाथ सिंह -रक्षा

रक्षा मन्त्री श्री राजनाथ सिंहले भारतले बर्ष 2029 सम्ममा 3 लाख करोड रूपियाँको रक्षा उत्पादन र 50 हजार करोड रूपियाँको रक्षा निर्यात हासिल गर्ने लक्ष्य राखेको बताउनु भएको छ। **हिज** जैसलमेरमा रक्षा मन्त्रालयको परामर्श समितिलाई सम्बोधन गर्नुहुदै श्री राजनाथ सिंहले भन्नुभयो, सरकार वर्तमान र भविष्यको सुरक्षा चुनौतीहरूको सामना गर्न सक्षम तकनिकी रूपमा सशक्त सेना निर्माण गर्न प्रतिबद्ध छ।

4- **Byte- राजनाथ सिंह**

रक्षा मंत्री राजनाथ सिंह - हिन्द-प्रशांत

रक्षा मन्त्री राजनाथ सिंहले हिन्द-प्रशान्त क्षेत्रको भविष्य केवल प्रौद्योगिकी ले मात्र निर्धारण नगर्ने तर देशहरूले त्यो प्रौद्योगिकीलाई कति सूझबूझसित प्रयोग गर्छन् भन्ने कुराले निर्धारण गर्ने बताउनु भएको छ। साथै यो साझेदारीलाई कति बलियो बनाउँछ र विभिन्न देशहरूबीच विश्वास निर्माण गर्दछ भन्ने कुरामा पनि निर्भर गर्दछ। उहाँले भन्नुभयो, भारत यस सामूहिक प्रयासमा योगदान दिन तयार छ। नयाँ दिल्लीमा हिन्द-प्रशान्त क्षेत्रीय संवादको सत्रलाई सम्बोधन गर्नुहुदै श्री राजनाथ सिंहले भन्नुभयो, भारतको समुद्री जिम्मेवारी यसको राष्ट्रिय समुद्री सीमाहरूमा मात्र सीमित छैन। उहाँले भन्नुभयो, भारतले सधैं खुला, समावेशी र नियममा आधारित समुद्री व्यवस्थाको समर्थन गरेको छ।

स्वास्थ्य तथा परिवार कल्याण मंत्रालय - औषधि नियम,

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले औषधि नियमा, १९४५ मा संशोधन गर्ने प्रस्ताव गरेको छ । यसको उद्देश्य विश्व स्वास्थ्य संगठनको दिशा निर्देशिका अनुरूप ग्रेड–ए स्वच्छ क्षेत्रमा सूक्ष्मजीवहरूको निगरानीका लागि नियमहरू अनुरुप

बनाउनु रहेको छ । यस वर्ष २८ अक्टोबरमा अधिसूचित प्रस्तावित संशोधनले स्टेराइल औषधिहरुको उत्पादनका लागि राम्रो उत्पादन व्यवहारको डब्ल्यूएचओको मानकहरु सँग देशको नियामक नियमहरूमा एकरूपता ल्याउने प्रयास गरेको छ ।

सड़क परिवहन एवं राजमार्ग मंत्री

सडक परिवहन एव राजमार्ग मन्त्री श्री नितिन गडकरीले देशमा विद्युतीय वाहनहरुको बजार तीव्र गतिमा बढिरहेको बताउनु भएको छ ।हिज नयाँ दिल्लीमा इलेक्ट्रिक वाहन क्षेत्रसँग सम्बन्धित पुरस्कार समारोहलाई सम्बोधन गर्नुहुदै श्री गडकरीले भन्नुभयो - विद्युतीय वाहन क्षेत्रलाई बलियो बनाउँदा यसको आर्थिक व्यवहार्यता बढ्नेछ ।

विदेश सचिव विक्रम मिस्री- नेपाल भ्रमण

विदेश सचिव विक्रम मिस्रीले **हिज** नेपालका विदेश सचिव अमृतबहादुर राईसँग द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने र नेपालका प्रधानमन्त्रीको आगामी भारत भ्रमणको तयारीका विषयमा विस्तृत चर्चा गर्नुभएको छ । भेटको क्रममा दुवै देशका विदेश सचिवहरूले आपसी सम्बन्धका विविध विषयमा चर्चा गर्नुका साथै दुई छिमेकी देशबीचको सहयोगलाई थप अगाडि बढाउने सम्भावनाहरु बारे समीक्षा गरे ।

सर्वोच्च न्यायालय

सर्वोच्च न्यायालयतले मुख्य चुनाउ आयुक्त र अन्य चुनाउ आयुक्तहरूलाई उनीहरूको आधिकारिक क्षमतामा गरिएको कार्यका लागि कानुनि संवैधानिक उन्मुक्ति प्रदान गर्ने प्रावधानको संवैधानिक वैधतालाई चुनौती दिने याचिकामा केन्द्र र भारतीय चुनाउ आयोगसँग जवाफ मागेको छ।